# अध्याय 21: तीव्र आँधी र बतासेवर्षाको चेतावनीहरू

### तीव्र आँधीको चेतावनी संकेतहरू

हङ कङमा, तीव्र आँधीहरू सामान्यतया मे देखि नोभेम्बर महिना सम्मको समयमा आउँछन्। तीव्र आँधीको चेतावनी संकेतहरू तीव्र आँधीसँग सम्बिन्धत तुफानहरूको खतराको बारेमा जनताहरूलाई सावधान गर्नको लागि हो। हङ कङको विभिन्न भागहरूमा दिइएको संकेतबाट मौसमलाई सजिलैसँग अनुमान गर्न सकिँदैन। कस्तो संकेत दिइएको छ मात्र जान्नु पर्याप्त छैन। तपाईंले पछिल्लो तीव्र आँधीको जानकारी र रेडियो तथा TV मा प्रसारित भएका सम्बन्धित सूचनाहरू, हङ कङ वेधशाला (अब्जरभेटरी)को इन्टरनेट वेबसाइट (www.hko.gov.hk and www.weather.gov.hk) मा दिइएको नोट लिनुपर्नेछ, जारी गरिएको संकेतमा प्रतिक्रिया जनाउने कार्यमा निर्णय गर्न मौसम प्रणाली र मोबाइल एप "MyObservatory" लाई (टेलिफोन: **1878-200**) मा डायल गर्नुपर्नेछ। निम्न टेबुलले तीव्र आँधीको चेतावनी संकेतहरूको अर्थ जनाउँछ:

| सिग्नल | चिह्न | अर्थ |
|---|---|---|
| **1** |  | स्ट्यान्डबाइ संकेत |
| **3** |  | शक्तिशाली हावा |
| **8 NW** |  | उत्तरपिश्चमबाट गेल वा हुरीबतास आउँदैछ |
| **8 SW** |  | दक्षिणपिश्चमबाट गेल वा हुरीबतास आउँदैछ |
| **8 NE** |  | उत्तरपूर्वबाट गेल वा हुरीबतास आउँदैछ |
| **8 SE** |  | दक्षिणपूर्वबाट गेल वा हुरीबतास आउँदैछ |
| **9** |  | गेल वा हुरीबतास बढ्दैछ |
| **10** |  | तूफानी हावा |

***सम्झिनुपर्ने महत्वपूर्ण बुँदाहरू:***

- स्थानीय भौगोलिक अवस्थाहरू वा नजिकैको भवनहरूको उपस्थितिले, हङ कङमा सामान्य हावाहुरीभन्दा तपाईंको स्थानीय समुदायमा हावा काफी हदसम्म फरक हुनसक्छ। समुद्री किनाराभन्दा पर र उच्च क्षेत्रमा हावा प्राय: तेज हुन्छ।
- हङ कङ बेधालयले जनतालाई विभिन्न च्यानलहरू, विशेषगरि इन्टरनेट मार्फत क्षेत्रिय हावा र वर्षाको बारेमा विस्तृत जानकारी उपलब्ध गराउँछ। चेतावनी अनुसारको सावधानी अपनाउँदा सर्वसाधारणले आफ्नो परिस्थितिहरू र जोखिम बहन गर्न सक्ने स्तर विचार गर्नुपर्छ।
- नं. 1 को संकेत देखाउँदा, तपाईंले आफ्नो गतिविधिहरूलाई निर्धारण गर्न तीव्र आँधीको स्थितिमा ध्यान दिन र समुद्री किनारा परमा तेज हावा लाग्न सक्ने कुरामा सचेत हुनुपर्नेछ।
- नं. 3 को संकेत देखाउँदा, सबै खुकुला वस्तुहरू, विशेषगरि माथिल्लो तला र माथिको छानाको सुरक्षा गर्नुहोस्। विज्ञापन बोर्डहरू, कच्ची सानो घर, अस्थायी संरचनाहरूको सुरक्षा गर्नुहोस्। समुद्री किनाराभन्दा पर र उच्च क्षेत्रमा आंधी तूफान आउन सक्छ।
- नं. 8 को संकेत देखाउँदा, आंधी तूफान सुरु हुनुअघि सबै सावधानीहरू पूरा गर्नुहोस्।
- नं. 9 र 10 को संकेत देखाउँदा, सबै सावधानीहरू पूरा भएको हुनुपर्छ। घरभित्र बस्नुहोस् र बाहिरबाट आउन सक्ने ढुंगाबाट बच्न खुला झ्याल र ढोकाहरूबाट टाढा रहनुहोस्।
- आवश्यक भएनुसारका चेतावनी पत्रिकाहरूमा हुरी बतास, बाढी पहिरो, आदि जस्ता तीव्र आँधीसँग सम्बन्धित अन्य जोखिम सम्बन्धी जानकारी समावेश भएको हुन सक्छ।
- यद्यपि तीव्र आँधी हङकङबाट टाढा सरेको छ, यसले हङ कङमा विभिन्न स्तरको क्षति ल्याउन सक्छ। यहाँ लुकेको खतरा हुन सक्छ। सर्वसाधारण सदस्यहरू व्यक्तिगत सुरक्षाको आश्वासनका लागि सतर्क रहनुपर्छ।

**बतासेवर्षाका चेतावनी संकेतहरू**

त्यहाँ चेतावनीका तीन स्तरहरू हुन्छन्: अम्बर, रातो र कालो।

अम्बर रङ्गको संकेतले सम्भावित भारी वर्षाको बारेमा सचेत गराउँछ जुन रातो वा कालो संकेत अवस्थाहरूमा बढ्न सक्छ। केही समतल र कमजोर नाली क्षेत्रहरूमा बाढी पहिरो जान सक्छ। भारी वर्षाले आकस्मिक बाढी पनि निम्त्याउन सक्छ।

रातो र कालो रङ्गको संकेतले भारी वर्षाले गम्भिर सडक बाढी पहिरो र ट्राफिक जाम गराउन सक्छ भन्ने कुराको चेतावनी दिन्छ।

***अम्बर बतासेवर्षाकोचेतावनी संकेत***

हङ कङमा भारी वर्षा भैरहेको छ वा सामान्यतया प्रति घण्टा 30 मिलिमिटर भन्दा बढी पानी पर्ने अपेक्षा गरिएको छ र जारी हुने जस्तो देखिन्छ।

***कार्य:***

- भारी वर्षाले आकस्मिक बाढी निम्ताउन सक्छ। मानिसहरू जल-मार्गहरूबाट टाढा रहनुपर्छ। बाढीद्वारा प्रभावित हुन सक्ने मानिसहरूले क्षति कम गर्न आवश्यक सावधानीहरू अपनाउनु पर्दछ।
- मौसम, सडक र ट्रफिक अवस्थाको लागि रेडियो वा टेलिभिजनको सूचना सुन्नुहोस्।

***रातो बतासेवर्षाकोचेतावनी संकेत***

हङ कङमा भारी वर्षा भैरहेको छ वा सामान्यतया प्रति घण्टा 50 मिलिमिटर भन्दा बढी पानी पर्ने अपेक्षा गरिएको छ र जारी हुने जस्तो देखिन्छ।

***कार्य:***

- यदि ती क्षेत्रहरूमा मौसम अवस्था खराब छ भने वर्षा हुने बाहिरी क्षेत्रहरूमा काम गर्ने कामदारहरूले बाहिरको काम छोड्नुपर्छ।
- यात्रा गर्नुपर्ने मानिसहरूले ध्यानपूर्वक मौसम र सडक अवस्था विचार गर्नुपर्छ।
- भारी वर्षाले आकस्मिक बाढी पहिरो निम्ताउनेछ र जल-मार्गहरूमा बाढी पहिरो गरइरहेको वा आउने अपेक्षा गरिएको छ। मानिसहरू जल-मार्गहरूबाट टाढा रहनुपर्छ। नदीनालाहरू नजिकै बस्ने निवासीहरू मौसम अवस्थामा सचेत रहनुपर्छ र तिनीहरूको घरहरू बाढीले बगाउन सक्छ भने घर खाली गर्ने कुरामा विचार गर्नुपर्छ।
- काम गर्ने समयभन्दा अघि नै रातो संकेत देखाइयो भने, कर्मचारीहरूले सँधै जस्तै उपलब्ध गराइएको यातायात सेवाहरूबाट कर्तव्यको लागि रिपोर्ट गर्नुपर्छ। सुपरीक्षकहरूलाई तिनीहरूको कर्मचारीहरूलाई समयमा काममा आउन कुनै वास्तविक कठिनाई छ भने लचक मनोभाव अपनाउन प्रोत्साहन गरिन्छ।
- कार्यालयको समयमा रातो संकेत देखाइयो भने, भवनभित्र काम गरिरहेका

  कर्मचारीहरूले बाहिर आउन खतरा नहुँदासम्म सँधै जस्तो काममै रहनुपर्छ। यातायात सेवाहरू रोक्न सक्ने क्षेत्रका कर्मचारीहरूलाई विशेष रूपमा सुपरीक्षकको निर्णयमा मुक्त गर्न सकिन्छ। तिनीहरूको निर्णय-अधिकार प्रयोग गर्ने क्रममा, सुपरीक्षकहरूले मौसम र सडक अवस्थालाई विचार गर्नुपर्छ।

***कालो बतासेवर्षाको चेतावनी संकेत***

हङ कङमा भारी वर्षा भैरहेको छ वा सामान्यतया प्रति घण्टा 70 मिलिमिटर भन्दा बढी पानी पर्ने अपेक्षा गरिएको छ र जारी हुने जस्तो देखिन्छ।

***कार्य:***

- भारी वर्षा नरोकिदासम्म घर भित्रै बस्नुहोस् वा सुरक्षित स्थानमा आश्रय लिनुहोस्।
- भारी वर्षाले आकस्मिक बाढी पहिरो निम्ताउनेछ र जल-मार्गहरूमा बाढी पहिरो गरइरहेको वा आउने अपेक्षा गरिएको छ। मानिसहरू जल-मार्गहरूबाट टाढा रहनुपर्छ। नदीनालाहरू नजिकै बस्ने निवासीहरू मौसम अवस्थामा सचेत रहनुपर्छ र तिनीहरूको घरहरू बाढीले बगाउन सक्छ भने घर खाली गर्ने कुरामा विचार गर्नुपर्छ।
- वर्षा हुने बाहिरी क्षेत्रहरूमा काम गरीरहेका कामदारहरूले काम रोकेर आश्रय लिनुपर्छ।
- बतासेवर्षाको समयमा काम व्यवस्थापन सम्बन्धमा पूर्व सम्झौता नगर्दासम्म रोजगारदाताहरूलाई आफ्नो कामदाहरूलाई काममा जानैपर्ने आवश्यकता नगराउन सुझाव दिइन्छ।
- पहिले नै काममा भएका मानिसहरू बाहिर आउन खतरा नहुँदासम्म आफू जहाँ छन् त्यही नै बस्नुपर्छ।

**चिप्लिन सक्ने चेतावनी**

त्यहाँ लगातार भारी वर्षाको कारण धेरै पहिरो जाने उच्च जोखिम हुँदा हङ कङ बेधालयले जोओटेक्निकल इन्जिनियरिङ कार्यालयको संयोजनमा चिप्लन सक्ने चेतावनी देखाउनेछ। यदि तपाईंले चिप्लन सक्ने खतराको कारण घर खाली गर्ने सूचना प्राप्त गर्नुहुन्छ वा तपाईंलाई आफ्नो घर अस्थिर समतल वा धारण गर्ने भित्ता वा ठूला चट्टानहरूको कारणले गर्दा खतरामा छ भन्ने लाग्छ भने, तपाईंले सुरक्षित आश्रयमा जान तुरून्तै व्यवस्था मिलाउनुपर्छ।

**उत्तरी न्यू टेरेटोरिजको बाढीमा विशेष विज्ञापन**

हङकङ वेधशाला (अब्जरभेटरी) ले कुनै पनि समयमा भारी वर्षाको कारण क्षेत्र प्रभावित हुँदा र बाढी आउने अपेक्षा गर्दा वा उत्तरी न्यू टेरेटोरिजको तराई क्षेत्रहरूमा आउँदै छ भन्ने कुरामा उत्तरी न्यू टेरेटोरिजको बाढीमा विशेष विज्ञापन गर्नेछ। विशेष विज्ञापनको उद्देश्य जनतालाई बाढी विरूद्ध सावधानी उपायहरू लिनको लागि प्रेरित गर्न र किसान, माछापालन संचालक, इन्जिनियर, ठेकेदार र बाढीबाट क्षतिको सामना गर्नुपर्ने अन्य व्यक्तिहरूलाई सतर्क गराउनु हो। यो विज्ञापनले सम्बद्ध सरकारी विभाग र संगठनहरूलाई अस्थायी आश्रयहरू खोल्ने, सञ्चालन कार्यहरू खोज्ने र राहत दिने, व्यक्तिगत विद्यालयहरू बन्द गर्ने र राहत कार्य गर्ने जस्ता उपयुक्त कार्यवाही लिनको लागि सतर्क पनि गर्छ। यसलाई

कुनै अन्य गम्भीर मौसम सम्बन्धी चेतावनीहरूलाई ध्यान नदिइकन जारी गरिएको हो, उदाहरण तीव्र आँधीको संकेत वा बतासेवर्षाको चेतावनी संकेतहरू लागू भएका छन्।

**स्थानीय भारी वर्षामा सुझाव**

उत्तरी न्यू टेरेटोरिजको बाढीमा विशेष विज्ञापनको संचालनमा सन्दर्भ बनाउनाले, स्थानीय भारी वर्षामा सुझावको परिणाम रेकर्ड र पूर्वानुमान गरिएको क्षेत्रीय वर्षाको मात्रामा आधारित हुन्छ, उदाहरणको लागि, 70 मिलिमिटर भन्दा बढी वर्षा हङ कङको व्यक्तिगत डिस्ट्रक्टमा एक घण्टामा घट्ने अपेक्षा गरिएको छ, जसले डिस्ट्रिक्टमा गम्भीर बाढी र जोखिम निम्ताउन सक्छ। यदि उक्त समयमा भारी वर्षा हङ कङभरी सामान्यतया बढ्दैन र रातो वा कालो बतासेवर्षाको चेतावनी संकेतको लागि मानदण्ड पहुँच गर्दैन भने, बेधशालालाई डिस्ट्रिक्टमा भारी वर्षाको कारणले गर्दा सम्भावित बाढी हुन सक्ने कुरामा सावधानी उपायहरू लिन जनतालाई सतर्क गराउन प्रभावित डिस्ट्रिक्ट र रेकर्ड वा अपेक्षित गरिएको वर्षालाई संकेत गर्न स्थानीय भारी वर्षामा सुझाव परिषद गर्दा समस्या हुनेछ। सम्बन्धित डिस्ट्रिक्टमा बाढीको प्रभावलाई घटाउन आपतकालीन उपायहरू जस्ता सुझाव परिषदले सम्बद्ध सरकारी विभागलाई उपयुक्त उत्तरदायी कार्यवाही लिन पनि सम्झाउँछ।

**मौसम जानकारी प्राप्त गर्ने तरीकाहरू**

मौसम प्रणालीमा डायल गर्नुहोस् — **1878-200**

हङ कङ वेधशाला (अब्जरभेटरी)को वेबसाइट — www.hko.gov.hk
www.weather.gov.hk

मोबाइल एप "MyObservatory" — www.hko.gov.hk/myobservatory_e.htm
वा तलको QR कोडलाई स्क्यान गर्नुहोस्

iPhone | एन्ड्रोइड | विन्डोज फोन

**गृह मामिला विभाग (HAD) आपतकालीन राहत सेवाहरू**

कार्यक्रममा तीव्र आँधीको चेतावनी संकेत No. 8 वा माथिको चिप्लिन सक्ने चेतावनी वा रातो/कालो बतासेवर्षाको चेतावनी लागू छन्, गृह मामिला विभागको आपतकालीन समन्वयन केन्द्रको आपतकालीन हटलाइन सम्बद्ध सोधपूछहरूको जवाफ दिन र सर्वसाधारणलाई सहायता उपलब्ध गराउनको लागि चौबिसै घण्टा सक्रिय हुने छ।

**अस्थायी आश्रयहरू**

आपतकालीनको समयमा, उपयुक्त अस्थायी आश्रय(हरू) शरणार्थी र अन्य विस्थापित व्यक्तिहरूलाई अस्थायी आवास उपलब्ध गराउनको लागि डिस्ट्रिक्ट कार्यालय(हरू)को निर्णय अनुसार र आवश्यकता हुँदा खोलिनेछ।

हामीले पनि चिसो समय वा एकदमै गर्मी रात्रीहरूको अवधीमा शरणस्थानमा बस्ने मानिसहरूलाई अस्थायी चिसो आश्रय वा अस्थायी रात्री गर्मीको आश्रयहरू खोल्छौं। जहाँ उपयुक्त ब्ल्याङ्केट र म्याट्रेसहरू आश्रय प्रयोगकर्ताहरूलाई उपलब्ध गराइनेछ।

**आपतकालीन समन्वयन केन्द्रहरू**

गृह मामिला विभागको आपतकालीन समन्वयन केन्द्रले आफ्नो क्रियाकलापहरू आपतकालीन राहत उपलब्ध गराउनको लागि राम्रोसँग समन्वय गरिएको छ वा छैन भनी सुनिश्चित गर्न र प्राकृतिक प्रकोपबाट प्रभावित भएका सर्वसाधारणका लागि अस्थायी आवास व्यवस्थित गर्न अन्य विभाग र संस्थाहरूसँग काम गर्छ।

प्रमुख आपतकालीन घटनाहरू भएको समयमा अन्तर-विभागीय सहायता कक्ष(हरू) स्थल वा अस्पतालहरूमा सेट-अप हुनेछ जस्तै आपतकालीन राहत प्रयास समन्वय गर्न No.3 वा उच्च अलार्म फायरको प्रकोप।